वैठक संख्या : ५४(चउन्नौं)

आज मिति २०७८ वैशाख १२ गते बिदुर नगरपालिकाका प्रमुख श्री सञ्जु पण्डित ज्यूको अध्यक्षतामा बिदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिका वैठक बसियो ।

| सि.न. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री सञ्जु पण्डित | प्रमुख | |
| २ | श्री गिता कुमारी दाहाल (अर्याल) | उप प्रमुख | |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | |
| ४ | श्री वीरेन्द्र कुमार शाही | वडा अध्यक्ष | |
| ५ | श्री बद्री प्रसाद रिमाल | वडा अध्यक्ष | |
| ६ | श्री टलक मान श्रेष्ठ | वडा अध्यक्ष | |
| ७ | श्री शिव कुमार चित्रकार | वडा अध्यक्ष | |
| ८ | श्री राजु सडौला | वडा अध्यक्ष | |
| ९ | श्री महेन्द्र तमाङ | वडा अध्यक्ष | |
| १० | श्री फइ सिं तमाङ | वडा अध्यक्ष | |
| ११ | श्री सनी चित्रकार | वडा अध्यक्ष | |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | |
| १३ | श्री तोयानाथ तिम्सीना | वडा अध्यक्ष | |
| १४ | श्री सीताराम अर्याल | वडा अध्यक्ष | |
| १५ | श्री दल बहादुर तमाङ | वडा अध्यक्ष | |
| १६ | श्री मुरली मिजार | कार्यपालिका सदस्य | मुरली |
| १७ | श्री रामशरण मिजार | कार्यपालिका सदस्य | |
| १८ | श्री कुमारी वि.क. | कार्यपालिका सदस्य | |
| १९ | श्री राजकुमार कुमाल | कार्यपालिका सदस्य | |
| २० | श्री बिन्दा श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २१ | श्री मेनुका चौलागाई | कार्यपालिका सदस्य | |
| २२ | श्री रश्मी पाण्डे | कार्यपालिका सदस्य | |
| २३ | श्री रेखा लामा | कार्यपालिका सदस्य | |
| २४ | श्री मोहन प्रसाद मरासिनी | प्रमुख प्रशासकीय अधिकृत | |

Scanned with CamScanner

## ५४ औं कार्यपालिका बैठक (२०७८।०१।१२)

**प्रस्तावहरु:**

१) आगामी आ.व. ०७८/०७९ को बजेट सिलिङ्ग स्वीकृत गर्ने सम्वन्धमा

२) प्रशासकीय भवनको लागत अनुमान स्वीकृत गर्ने सम्वन्धमा

३) आगामी आ.व. ०७८/०७९ को योजना तर्जुमा प्रक्रिया अगाडी बढाउने सम्वन्धमा

४) स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनको नतिजा अनुमोदन गर्ने सम्वन्धमा

५) फर्निचर उद्योग दर्ता मापदण्ड संशोधन सम्वन्धमा

६) प्रदेश सरकारमा पठाउने योजना सम्वन्धमा

७) विविध

**समिक्षा : ५३ औ नगर कार्यपालिका बैठकको निर्णयको समिक्षा सम्बन्धमा :**

नगर कार्यपालिकाको ५३ औ बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा/छलफल गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्वन्धित शाखाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णयहरु**

**निर्णय नं.१) आगामी आ.व. ०७८/०७९ को बजेट सिलिङ्ग स्वीकृत गर्ने सम्बन्धमा**

प्रस्ताव नं. १ उपर छलफल गर्दा विदुर नगरपालिकाका नगर प्रमुख श्री सञ्जु पण्डित ज्यूको अध्यक्षतामा मिति २०७८ बैशाख १० गते बसेको श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिको निर्णय बमोजिम पेश भएको आगामी आर्थिक वर्ष ०७८/७९ को वजेटको सीमा (सिलिङ्ग) रु. १,१२,५९,४२,०००।० (रु. एक अरव बाह्र करोड उन्साठी लाख बयालिस हजार) लाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.२) प्रशासकीय भवनको लागत अनुमान स्वीकृत गर्ने सम्बन्धमा**

प्रस्ताव नं. २ उपर छलफल गर्दा विदुर नगरपालिकाको प्रशासकिय भवन निर्माणका लागि प्राविधिकबाट तयार भई पेश भएको भवनको डिजाईन, स्पेशिफिकेशन र लागत अनुमान रु. २०,६३,३१,८०५.६२। स्वीकृत गर्ने निर्णय गरियो । स्वीकृत लागत अनुमान बमोजिम संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट उपलब्ध हुने रकम रु. ६ करोड बाहेक बाँकी रकम नगरपालिकाको श्रोतबाट वेहोर्ने गरी तत्काल टेण्डर प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.३) आगामी आ.व. ०७८/०७९ को योजना तर्जुमा प्रक्रिया अगाडी बढाउने सम्बन्धमा**

प्रस्ताव नं. २ उपर छलफल गर्दा आगामी आर्थिक बर्ष ०७८/०७९ को वजेट तर्जुमा देहायको समय तालिका बमोजिम गर्ने निर्णय गरियो ।

- मिति २०७८ बैशाख मसान्त सम्ममा वडाले वडास्तरीय भेला गरी वडा समितिबाट स्वीकृत गराई वडा कार्यालयले नगरपालिका कार्यालयमा योजना पेश गर्ने,

निर्णय प्रमाणित
(signature)

Scanned with CamScanner

- वडा कार्यालयबाट प्राप्त योजनाहरुको अध्ययन, विश्लेषण गरी चालु बर्षको नीतिको समिक्षा र सुधारका योजना सहित विषयगत समितिहरुले २०७८ जेठको १५ गते सम्म बजेट तथा कार्यक्रम तर्जुमा समितिमा योजना पेश गर्ने,
- वजेट तथा कार्यक्रम तर्जुमा समितिले मिति २०७८ जेठ २५ गते सम्म योजना नीति तथा कार्यक्रम तर्जुमा गरी नगर कार्यपालिकामा पेश गर्ने,
- वजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएका योजना, नीति र कार्यक्रम सहित "विनियोजन विधेयक, २०७८" र "आर्थिक विधेयक, २०७८" नगर कार्यपालिकाको बैठकमा छलफल गरी कार्यपालिकाबाट पारित गराई २०७८ असार १० गते नगरसभामा पेश गर्ने,

**निर्णय नं.४) स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकनको नतिजा अनुमोदन गर्ने सम्बन्धमा**

प्रस्ताव नं. ४ उपर छलफल गर्दा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन गर्दा यस नगरपालिकाको कुल ४९.५ अंक प्राप्त भएकोले त्यसलाई अनुमोदन गर्ने निर्णय गरियो । साथै मुल्याङ्कन सुचकमा कमजोर रहेका सुचकहरुको सुधारका कार्ययोजना सहित कार्य गर्न नगर कार्यपालिकाको कार्यालय र सम्बन्धित सबै विषयगत शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ५) फर्निचर उद्योग दर्ता मापदण्ड संशोधन सम्बन्धमा**

प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस नगरपालिकाको क्षेत्र भित्र सामान्य तया ८ इन्चको बेन्च सह प्रयोग गरि सञ्चालन गरिने फर्निचर उद्योगको लागि बन क्षेत्रबाट ५०० मि. को दुरीमा फर्निचर उद्योग स्थापना गर्नपर्ने भन्ने मापदण्ड रहेकोमा प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको "वनपैदावरमा आधारित उद्योग र राष्ट्रिय वन बीचको दुरी सम्बन्धी मापदण्ड २०७७" अनुसार दर्ता गर्ने निर्णय गरियो ।

| सि.नं. | उद्योगको किसिम | भौगोलिक क्षेत्र (कि.मी) | |
|---|---|---|---|
| | | उच्च एवं मध्य पहाडी क्षेत्र | चुरे, भित्री मधेश तथा तराई क्षेत्र |
| १ | फर्निचर | | |
| १.१ | १८ इन्चसम्म आरा प्रयोग हुने उद्योग | ०.१० | ०.२५ |
| १.२ | १८ इन्चदेखि ३५ इन्चसम्म आरा प्रयोग हुने उद्योग | ०.२५ | ०.५ |
| १.३ | ३६ इन्च तथा सोभन्दा बढी साइजको आरा प्रयोग हुने सबै खाले उद्योग (स: मिल समेत) | ०.७५ | १.५ |
| २ | उड सिजनिङ प्लाण्ट, उड ट्रिटमेन्ट प्लाण्ट, भेनियर तथा प्लाईउड, पार्टिकल बोर्ड, कम्पोजिट उड, पार्केटिङ उद्योग | ०.५ | १.५ |
| ३ | दाउरा तथा काठ र यस्तै प्रकृतिका कच्चा पदार्थलाई पूर्ण वा आंशिक रुपले प्रयोग गर्ने उद्योग | ०.५ | १.५ |
| ४ | कत्था तथा रोजिन एण्ड टर्पेन्टाइन उद्योग | ०.५ | १.५ |
| ५ | सालसिड तेल, जडीबुटी (हर्वल प्रोडक्ट), हाते कागज, अल्लोका बस्तु उत्पादन गर्ने उद्योग लगायत काठ, जडीबुटी वा अन्य वनपैदावारलाई प्रमुख कच्चा पदार्थको रुपमा प्रयोग गर्ने उद्योग | ०.५ | १.५ |

Scanned with CamScanner

**निर्णय नं. ६) प्रदेश सरकारमा पठाउने योजना सम्बन्धमा**

प्रस्ताव नं. ६ उपर छलफल गर्दा आगामी आ.व.०७८।०७९ को लागि कार्यान्वयन गर्ने गरि सम्बन्धित शाखा र वडाबाट प्राप्त निम्न योजनाहरुलाई वागमती प्रदेश सरकारसँग माग गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | अनुमानित लागत रु. | सम्वन्धीत शाखा |
|---|---|---|---|
| १। | अत्याधुनिक उपकरण सहितको दुध चिस्यान केन्द्र स्थापना गर्ने योजना | २ करोड | पशु विकास शाखा |
| २। | नव निर्मित पशु बधशालाको सुदृढीकरण एवं सञ्चालन | ५० लाख | पशु विकास शाखा |
| ३। | औद्योगिक ग्रामको पूर्वाधार विस्तार, | २ करोड | उद्योग विकास शाखा |
| ४। | फोहरमैला संकलन तथा प्रशोधन केन्द्र सम्मको पहुच मार्ग सुधार , | १ करोड | विपद् व्यवस्थापन तथा वातावरण शाखा |
| ५। | मिनि जु सहितको पर्यटकीय पार्क निर्माण, वडा नं. १२ | २ करोड | योजना शाखा |
| ६। | आधारभुत विद्यालयलाई प्रविधिमैत्री बनाउने र बालकक्षा व्यवस्थापन गर्ने योजना | ५० लाख | शिक्षा शाखा |
| ७। | स्वास्थ्य ल्याव सुदृढीकरण एवं सञ्चालन योजना | ५० लाख | स्वास्थ्य शाखा |
| ८। | कृषि उपज संकलन तथा भण्डारन स्थल निर्माण योजना | १ करोड | कृषि विकास शाखा |
| ९। | देवीघाट जालपादेवी-नुवाकोट भैरवी-वेत्रावती उत्तरगैया-भैरमकोट-फिर्केपकोट ऐतिहासिक धार्मिक सर्किट निर्माण योजना | ५ करोड | पूर्वाधार |
| १०। | वेत्रावती-दुधेलामा स्तन-नुवाकोट भृकुटी पदमार्ग निर्माण योजना | २ करोड | पूर्वाधार |
| ११। | चण्डीपोखरी सुदृढीकरण एवं निर्माण | ५० लाख | पूर्वाधार |
| १२। | नागढुंगा-नयाँ कुलो-ढाँडकुलो अधुरो योजना निर्माण सम्पन्न - वडा नं. ६ र १२ | १ करोड | पूर्वाधार |

**निर्णय नं.७) विविध**

१) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नगरपालिका क्षेत्र भित्रका सडक सरसफाइ, मर्मत सम्भार, पार्क निर्माण तथा सरसरफाई एवं संरक्षण गर्दाको अवस्थामा श्रमीकको ज्याला भुक्तानी प्रमाणित डोर हाजिरी अनुसार समेत भुक्तानी गर्न सक्ने निर्णय गरियो । साथै सो कार्यक्रम अन्तर्गत खरिद गरिएका सामाग्री तथा औजारहरु नगरपालिकाको जिन्सी शाखामा अभिलेख राखि वडाबाट व्यवस्थापन गर्ने निर्णय गरियो ।

२) यस कार्यालयमा कार्यरत कार्यालय सहयोगी श्री कृष्ण प्रसाद अधिकारीको उमेरको हदले यसै आ.व. ०७७।०७८ श्रावण देखि अवकाश प्राप्त भएकोले करारको कर्मचारीलाई अवकाश प्राप्त हुँदाका बखत प्रदान गरिने रु.५०,०००।- प्रदान गर्ने निर्णय गरियो । साथै अकालमै मृत्यु भएका विदुर नगरपालिकाका कुचिकार पदमा रहेका कर्मचारी स्व. श्री रणे मिजार प्रति भावपूर्ण श्रद्धाञ्जली सहित क्रिया खर्च एवं परिवारको भरनपोषणमा टेवा पुगोस भन्ने आशयले यस कार्यालयबाट रु. १,००,०००।- प्रदान गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

३) खड्गभञ्ज्याङ स्वास्थ्य चौकी नजिक रहेको पहिरो व्यवस्थापन गर्न खड्गभञ्ज्याङ स्वास्थ्य चौकी संरक्षण शिर्षकमा रु. ६,५०,०००।-, वि.न.पा.९ भैरमकोट एवं वि.न.पा.७ साहुगाउँ जोड्ने सडक निर्माणको कार्य अधुरो रहेकोले उक्त कार्य पुर्ण गर्नको लागि भैरमकोट-गड्खरे-साहुगाउँ सडक निर्माण योजनालाई थप रु.५,००,०००।- र वडा नं. १२ अधिकारी टोलबाट मुलावारी आ.वि. सम्म जाने गोरेटो बाटो निर्माणको लागि रु. ५,००,०००।- बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

४) वि.न.पा. वडा नं. ३ को पवित्रा निर्माण हाउसिङले दिएको निवेदन अनुसार मिति २०७५।०१।१० गते यस नगरपालिकाबाट खानी विभागलाई गरिएको सिफारिसको आधारमा एवं साधारण निर्माणजन्य सामाग्री सम्बन्धी कार्यविधि बमोजिम गरिएको सार्वजनिक सुनुवाई र मिति २०७५।०२।२५ गते कार्यपालिका वैठकबाट कारवाहीका लागि दिईएको सहमतीको निर्णय तथा "खानी तथा खनिज पदार्थ सम्वन्धी ऐन, २०४२" र "खानी तथा खनिज पदार्थ सम्वन्धी नियमावली, २०५६" बमोजिम प्राप्त IEE को आधारमा कानूनका अन्य प्रावधानहरुको कडाईका साथ पालना गर्ने गरि उक्त कम्पनीलाई आवश्यक शर्तनामा उपलब्ध गराई वालुवा उत्खनन्, संकलन तथा विक्री वितरण गर्न दिने निर्णय गरियो ।

५) वि.न.पा. वडा नं. ३ मा सञ्चालन गर्ने गरि कम्पनी रजिष्टरको कार्यालयमा दर्ता भएको ध्रुवतारा प्रशोधन कम्पनी प्रा.लि. ले दिएको निवेदन तथा स्वास्थ्य सेवा विभाग, टेकुको प.सं.०७७।०७८ च.नं.९६४ र मिति २०७७।१०।०५ को पत्र एवं वडा नं. ३ वडा कार्यालयको मिति २०७७।१२।२५ को प.सं.०७७।०७८ च.नं.१५१६ को सिफारिसको आधारमा उक्त उद्योग निवेदकले पेश गरेको आयोजनामा प्रशोधित वालुवा प्रयोगमा ल्याउने गरि प्रशोधन उद्योग अस्थाई रुपमा आवश्यक शर्तनामाहरु उपलब्ध गराई सञ्चालन अनुमती प्रदान गर्ने निर्णय गरियो ।

६) प्रत्येक दिन महामारीको रुपमा फैलिदै गएको कोभिड-१९ भाईरसबाट नगरवासीलाई बचाउन स्वास्थ्य मापदण्ड पुर्ण रुपमा पालना गर्ने कार्यालय सञ्चालन, आवतजावत, सेल्फ/होम क्वारेन्टीन, आइसोलेसन लगायत कोरोना भाईरस र उक्त भाईरसले पार्ने प्रभाव र न्यूनीकरणको लागि सम्पूर्ण नगरवासीहरुलाई पुनः जनचेतना, वडामा जनप्रतिनिधि मार्फत सचेतना जागरुक गराउने, भिडभाड कम गराउने कार्यक्रम सञ्चालन गर्ने । साथै वडा भन्दा वाहिरबाट नगरपालिका प्रवेश गर्ने व्यक्तिहरुलाई सम्वन्धीत वडासँग समन्वय गर्ने, कम्तीमा १० दिन होम क्वारेन्टीनमा बस्नै पर्ने व्यवस्था मिलाउने निर्णय गरियो । यस सम्वन्धी नगरपालिका मार्फत तत्काल गर्नुपर्ने आवश्यक राहत एवं औषधि उपचार, एम्वुलेन्स व्यवस्थापन लगायतका निर्णय एवं खर्च सम्बन्धी व्यवस्थापन गर्न नगर प्रमुखलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

७) भिमसेन मा.वि. को प्र.अ. श्री वासुदेव बानियालाई विद्यालयको प्र.अ. बाट हटाउने सम्वन्धमा शिक्षा समितिको मिति २०७७ चैत्र २६ गतेको निर्णयलाई अनुमोदन गरि उक्त विद्यालयको दैनिकीलाई सहजीकरण गर्न तत्कालै लागु हुने गरि माथिल्लो श्रेणीको शिक्षकलाई प्र.अ. को जिम्मेवारी प्रदान गर्न शिक्षा समितिलाई निर्देशन दिने निर्णय गरियो ।

आज मिति २०७८।०१।१२ गते बसेको ५४ औं कार्यपालिका वैठकको विविध शिर्षकको निर्णय नं.७ प्रति ~~मेरो~~ हाम्रो असहमती छ ।

Scanned with CamScanner